# भूमे गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

खाबाङ बगर, रुकुम (पूर्व)
लुम्बिनी प्रदेश, नेपाल

सूचना नं.:- २०८०/८१/...४०...

**कृषि खेतीका लागि साना सिंचाई आयोजना कार्यक्रम सञ्चालनका लागि सम्झौता गर्न आउने सम्बन्धी सूचना ।**

**प्रथम पटक सूचना प्रकाशित मिति :- वि.सं.२०८०/११/२२ गते**

प्रस्तुत विषयमा यस भूमे गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, कृषि सेवा केन्द्र, खाबाङ्ग बगर, रुकुम (पूर्व)को आ.व. २०८०/८१को स्वीकृत वार्षिक विकास कार्यक्रम अन्तर्गत प्रथम चौमासिक अवधिमा सञ्चालन हुने कार्यक्रमहरुतर्फ *कृषि खेतीका लागि साना सिंचाई आयोजना कार्यक्रम १०० प्रतिशत अनुदानमा* सञ्चालनका लागि प्रथम पटक प्रकाशित सूचना अनुसार माग भई आएका भूमे गाउँपालिका भित्रका कृषक समूह/कृषि सहकारी संस्था लिमिटेडहरु मध्येबाट तपशिल बमोजिमका कृषक समूह/कृषि सहकारी संस्था लिमिटेडहरु छनौट भएको हुँदा यो सूचना प्रकाशन भएको मितिले *१५ दिन (२०८०/१२/०८गते)भित्र* सम्झौताका लागि भूमे गाउँपालिका, कृषि सेवा केन्द्र, खाबाङ्ग बगर, रुकुम (पूर्व)मा सम्पर्क राख्नुहुन यो सूचना प्रकाशन गरिएको छ ।

तपशिल:

| क्र.सं. | छनौटमा परेका कृषक समूह/कृषि सहकारी संस्था लिमिटेडहरुको नाम | स्थायी ठेगाना | अनुदान किसिम | स्वीकृत अनुदान रकम (रु.) |
|---|---|---|---|---|
| १. | हरियाली कृषक समूह | भूमे-८, महिबाङ्ग, रुकुम (पूर्व) | कृषि खेतीका लागि साना सिंचाई | १,२५,०००।- |
| २. | सदाबहार कृषक समूह | भूमे-९, गोठिबाङ्ग, रुकुम (पूर्व) | कृषि खेतीका लागि साना सिंचाई | १,२५,०००।- |
| - | जम्मा | - | - | रु.२,५०,०००।- |

सम्झौताका लागि आवश्यक कागजातहरु:

- कृषक समूह/कृषि सहकारी संस्था लिमिटेडको कृषि खेतीका लागि साना सिंचाई अनुदान कार्यक्रम सम्झौता गर्ने सम्बन्धमा निवेदन र छाप ।
- अध्यक्ष/सचिव/कोषाध्यक्ष/व्यवस्थापकको नेपाली नागरिकता प्रमाण-पत्रको प्रतिलिपी ।
- सम्बन्धित निकायमा दर्ता तथा नविकरण प्रमाण-पत्रको प्रतिलिपी ।
- स्थायी लेखा नम्बर (PAN) तथा मूल्य अभिवृद्धि कर (VAT) दर्ता प्रमाण-पत्रको प्रतिलिपी ।
- गत आ.व.२०७९/८० को करचुक्ता प्रमाण-पत्रको प्रतिलिपी ।
- गत आ.व. २०७९/८० को अन्तिम लेखा परिक्षण प्रतिवेदनको प्रतिलिपी ।
- कृषि अनुदान कार्यक्रम सञ्चालनका लागि सम्झौता गर्ने सम्बन्धमा निर्णयको प्रतिलिपी ।
- साना सिंचाई कृषि अनुदान कार्यक्रमको अनुगमन समिति गठन सम्बन्धमा निर्णयको प्रतिलिपी ।
- साना सिंचाई कृषि अनुदान कार्यक्रमको सम्झौता गर्ने सम्बन्धमा सम्बन्धित वडा कार्यालयको सिफारिस-पत्र ।

(स्वतन्त्र राज चौधरी)
कृषि प्रसार अधिकृत

(देवीलाल वि.क)
प्रमुख प्रशासकीय अधिकृत

सम्पर्कका लागि:

१. कृषि प्रसार अधिकृत- स्वतन्त्र राज चौधरी :- ९८४१८०२७३२
२. प्रा.स.- मोहन कुमार डाँगी :- ९८४७८६१३२९
२. ना.प्रा.स.- विशाल पुन मगर :- ९८६६९०४६५६, ९८१०९४०९९५
३. ना.प्रा.स.- शिखर विश्वकर्मा :- ९८६८६२१८०४, ९८०६२९११२५